नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.

## प्रेस विज्ञप्ती

सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष **श्री के.पी. शर्मा ओलीज्यूको** अध्यक्षतामा समितिको ४४औं बैठक राष्ट्रिय योजना आयोगको सभाकक्ष सिंहदरबारमा आज सम्पन्न भयो । बैठकमा माननीय उपप्रधानमन्त्री, माननीय मन्त्रीहरु, छवटा प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, सम्माननीय प्रधानमन्त्रीका मुख्य सल्लाहकार तथा सल्लाहकारहरु, माननीय राज्यमन्त्रीहरु, नेपाल सरकारका मुख्य सचिव, आयोगका माननीय सदस्यहरु, राष्ट्रिय पुनर्निर्माण प्रधिकरणका प्रमुख कार्यकारी अधिकृत, नेपाल राष्ट्र बैंकका गभर्नर, आयोगका सदस्य सचिव, नेपाल सरकारका सचिवहरु तथा अन्य विशिष्ट पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

बैठकमा आयोगका माननीय उपाध्यक्ष प्रा. डा. पुष्पराज कंडेलबाट चालु आ.व. २०७५/७६ को कार्तिक मसान्तसम्मको समष्टिगत आर्थिक सूचकहरुको स्थिति, चालु आ.व. को प्रथम चौमासिकका लागि विभिन्न निकायहरुमा बिनियोजित बजेट, खर्चको अवस्था र आयोजनाहरुको प्रगति, राष्ट्रिय गौरवका आयोजनाहरु एवम् प्रथम प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रगति, भूकम्पपछिको पुनर्निर्माणसम्बन्धी प्रगति, आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र वार्षिक विकास कार्यक्रमअनुरुप मन्त्रालयगत कार्ययोजनाको प्रगति स्थिति, समितिको विगतको निर्णयहरुको प्रगतिस्थिति तथा राष्ट्रिय गौरवका आयोजनाहरुको आयोगबाट भएको स्थलगत अनुगमनमा देखिएका एवम् अन्तरमन्त्रालय प्रकृतिका समस्या र तिनको समाधानका लागि प्रस्तावित उपायहरु समेटीएको प्रस्तुति भएको थियो । माननीय उपाध्यक्षको प्रस्तुति पश्चात् प्रस्तुत विषयहरुका बारेमा छलफल गरी बैठकले विभिन्न ८ वटा निर्णयहरु गरेको छ । बैठकको शुरुवातमा आयोगका सदस्यसचिव श्री लक्ष्मण अर्यालले स्वागत मन्तव्य दिनुभएको थियो ।

**बैठकको अन्त्यमा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री के.पी. शर्मा ओलीज्यूले बैठकलाई सम्बोधन गर्ने क्रममा देहायका निर्देशन दिनुभयो ।**

१. आज २१औं भुकम्प सुरक्षा दिवस पनि हो । सबै तहमा विपद जोखिम न्यूनीकरणलाई सुनिश्चित गर्न र उत्थानशीलता अभिवृद्धि गर्न विषयगत विकास प्रक्रियाहरुमा यसलाई

२. मूल प्रवाहीकरण गर्ने । साथै पुनर्निमाणको बाँकी कार्यलाई यथाशीघ्र सम्पन्न गर्ने र यस सम्बन्धमा समुदाय एवम् नागरिक तहमा पनि सजगता बढाउन सम्बन्धित निकायहरुले पहल गर्ने ।

३. विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा र निर्माण गर्दा राष्ट्र हित, उच्च आर्थिक वृद्धि, सामाजिक न्याय, रोजगारी सृजना, पर्यटन प्रवर्द्धन, व्यापार अभिवृद्धि, वातावरण संरक्षण र सन्तुलित विकासमा टेवा पुर्याउने विषयक्षेत्रहरू लाई प्राथमिकता दिने ।

४. संघ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धलाई मजबुत बनाउन र संघीयता कार्यान्वयनमा देखापरेका केही सवालहरुलाई निराकरण गर्न अन्तर प्रदेश परिषद्को दोस्रो बैठकले स्वीकृत गरेको "संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना" मा समावेश गरिएका विषयहरु मन्त्रालयहरुले समयसीमा भित्र सम्पन्न गर्ने ।

५. सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमको सम्वोधन गर्नका लागि कानुनहरु कार्यान्वयनमा आएकोले राष्ट्रिय योजना आयोगले सबै मन्त्रालयहरुको समन्वयमा सामाजिक सुरक्षा एवम् सरंक्षणको राष्ट्रिय खाका तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रीपरिषदमा पेश गर्ने।

६. काठमाण्डौको चोभारमा सुख्खा वन्दरगाह निर्माण कार्य सुचारु गराउन सम्बन्धित मन्त्रालयहरुले आवश्यक पहल गरी निर्माण कार्यलाई तिव्रताकासाथ अगाडि बढाउने ।

७. उच्चस्तरीय शिक्षा आयोगले पेश गरेको प्रतिवेदन अनुरुप प्रत्येक विद्यालय जान योग्य विद्यार्थी अनिवार्य रुपमा विद्यालय जाने व्यवस्था मिलाउने र उक्त आयोगको सिफारिस कार्यान्वयन गर्दै शिक्षाको गुणस्तर बढाई शिक्षालाई सर्वसुलभ बनाउन सम्बद्ध सबै पक्षले तदारुकताका साथ कार्य गर्ने ।

८. देशलाई आगामी २५ वर्षको लागि आवश्यक पर्ने मानवश्रोतको प्रक्षेपणको लागि गठित मानवश्रोत प्रक्षेपण कार्यदललाई सरकारी, गैर सरकारी, निजी तथा सहकारी क्षेत्रवाट बिस्तृत तथा बृहत तथ्याङ्कको आवश्यकता पर्ने सन्दर्भमा सम्बद्ध सबै पक्षबाट सहयोग पुर्याउने । यसमा शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय र राष्ट्रिय योजना आयोगले बिशेष पहल गर्ने ।

९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले Digital Nepal Framework तयार गरेको छ ।उक्त Framework ले ८ वटा बिषयक्षेत्रहरुलाई समेटी ती बिषयक्षेत्रहरुको विकास मार्फत देशको समृद्धिको परिकल्पना गरेको छ। सूचना तथा सञ्चार प्रविधि परिवर्तन र विकासको सम्बाहकको रुपमा रहेकोले Digital Nepal Framework को कार्यान्वयनसँग आवश्यक सम्पूर्ण प्रक्रियाको शीघ्र थालनी संचार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने ।

१०. ग्रामीण दूरसञ्चार कोषको रकम प्रयोग गरी दूरसंचार पूर्वाधारको विकासको लागि अप्टिकल फाईवर बिछ्याउने कामलाई तिव्रता दिई प्रत्येक स्थानीय तहका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र माध्यमिक विद्यालयसम्म द्रुत गतिको ईन्टरनेट सेवा पुर्याउने लक्ष्य लिएअनुरूप सूचना महामार्गको कार्यान्वयन सञ्चार तथा सूचना प्रबिधि मन्त्रालयले तोकिएकै समयमा सम्पन्न गर्ने ।

११. सुरक्षण मुद्रणको पूर्वाधार स्थापना र सञ्चालन तथा देशभित्रै सुरक्षण सामाग्रीको उत्पादन हुन नसकेकोले ठूलो रकम विदेशिने गरेको छ । यो क्षेत्रलाई व्यवस्थित गर्न शिघ्र छापाखानाको स्थापना गरी छपाई सुरु गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आवश्यक कार्य अगाडि बढाउने ।

१२. व्यापार घाटा न्यूनीकरण गर्न स्वदेशी वस्तुको प्रयोगलाई प्राथमिकता दिने गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको कार्यान्वयनमा सार्वजनिक खरिद अनुगमन कार्यालयले अनुगमन गर्ने । उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम तथा परियोजनाहरु पहिचान गरी व्यापार घाटा कम गर्ने रणनीतिक कार्ययोजना बनाई शीघ्र कार्यान्वयन गर्ने ।

१३. नेपाल भ्रमण वर्ष, २०२० लाई सफल बनाउन गन्तव्य पहिचान, विकास, बस्तु तथा उपजहरूको विविधिकरण गर्दै पर्यटकीय सुरक्षा व्यवस्थापनमा ध्यान दिई पर्यटन व्यवस्थापन तथा सेवामा संलग्न निजी क्षेत्रसँगसमन्वय गरी गुणस्तरीय पर्यटन प्रवर्द्धनमा उच्च मनोबलका साथ कार्य गर्ने ।

१४. औषधी उत्पादन, मूल्य निर्धारण र वितरणमा प्रभावकारिता, मितव्ययिता र सर्वशुलभता कायम गर्दै स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा अभिवृद्धि गर्न हरेक स्थानीय तहमा १५ शैयाको प्राथमिक अस्पतालको निर्माण गर्ने, हरेक वडामा एक आधारभूत स्वास्थ्य केन्द्रको स्थापना गर्ने र आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीयता सहित सुनिश्चित गर्ने ।

१५. राष्ट्रिय योजना आयोगमा आयोजना बैङ्क स्थापनाका लागि तयार गरी माग गरिएको आयोजना सूचना अन्वेषणको ढाँचा अनुसारको विवरण सम्बन्धित सबै मन्त्रालयले माघ मसान्त भित्र अनिवार्य रुपमा पठाउने ।

१६. प्रादेशिक सरकारले राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेशको आयोजना बैङ्क बनाउने कार्य अगाडि बढाउने।

१७. आगामी आर्थिक वर्षदेखि अर्थ मन्त्रालयले प्रस्तुत गर्ने बजेट विवरणमा विषयगत मन्त्रालय अन्तर्गत बहुवर्षीय ठेक्का सम्झौताबाट सिर्जना भएको दायित्व रकम मन्त्रालयगत रुपमा उल्लेख गर्ने ।बहुवर्षीय ठेक्काको सहमति दिंदा स्पष्ट मापदण्ड बनाई सो को आधारमा मात्र दिने ।

पत्र संख्याः
च.नं.

१८. आयोजनाहरुको निर्माणका लागि आवश्यक नदीजन्य पदार्थहरुको उपलब्धता कम हुँदै गएको सन्दर्भमा बैकल्पिक निर्माण सामग्रीको रुपमा खानीजन्य सामग्रीको सम्भावना खोजी गर्ने ।

१९. आर्थिक वर्ष अगाडि नै बजेट स्वीकृत गरी कार्यान्वयनमा ल्याउँदा पनि पूँजीगत खर्चको प्रगति कम देखिएकोले अवकां दिनमा सुधार गरी पूँजीगत खर्चमा वृद्धि गर्ने ।साथै आगामी वर्षको वार्षिक कार्यक्रम एवम् बजेट बनाउँदा बजेटका पूर्वतयारीका सबै काम असार मसान्तभित्र सम्पन्न गर्नेगरी तयारी गर्ने।

२०. नेपालमा हाल नीतिगत स्पष्टता, स्थिरता र स्थायित्व आइसकेको छ । विकास र समृद्धिका लागि बाह्य लगानीलाई समेत परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ । यसै सन्दर्भमा नेपालले यस वर्षको अन्त्यतिर आयोजना गर्ने लगानी सम्मेलनमा बाह्य लगानी आकर्षित गर्न कानुनी एवम् प्रशासनिक अवरोधहरु हटाई अनुकूल वातावरण तयार गर्ने ।

२१. बहुपयोगी तथा प्रविधियुक्त एकीकृत राष्ट्रिय परिचयपत्र (स्मार्ट कार्ड) सबै नागरिकलाई प्रदान गर्नको लागि राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली र सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीलाई एकीकृत गरी राज्यबाट प्रवाह हुने सबै सेवालाई एकीकृत गर्ने प्रणालीको विकास गर्ने। आगामी दुई वर्ष भित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र दिने गरी कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

२२. गरिव लक्षित कार्यक्रम सञ्चालन गर्दा गरिव पहिचानलाई आधार लिई कार्यक्रम सञ्चालन गर्ने।

२३. प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउन कर्मचारी समायोजन सँगै प्रदेश लोक सेवा आयोगहरुको गठन गरी आवश्यक संख्यामा कर्मचारी पदपूर्ति गर्ने व्यवस्था मिलाउने ।

२४. दीर्घकालीन सोंच सहितको १५औं आवधिक योजना (२०७६/७७-२०८०/८१) को आधारपत्र प्रदेश र स्थानीय तहका सरोकारवालाको सहभागिता र अपनत्व रहने गरी समय तालिकाभित्र तर्जुमा गर्ने ।

(राधाकृष्ण प्रधान) १०।२
सहसचिव एवम् प्रवक्ता
राष्ट्रिय योजना आयोग

मितिः २०७५ माघ २ गते, बुधबार